# सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

स्वीकृत मितिः २०७२/५/३१

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरवार, काठमाडौं

# सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

सडक बालबालिकाको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक र सामाजिक पुनर्मिलन, पुनःस्थापना तथा पुनर्एकीकरणका कार्यक्रमहरु संचालन गर्न र बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बालअधिकार सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु सरकारी, गैरसरकारी, विकासका साझेदार संस्था र नागरिक समाजसँगको साझेदारी समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गर्न र भइरहेका गतिविधिलाई समन्वयात्मक रुपमा व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ को दफा ४५ बमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले **"सडक बालबालिका संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२"** जारी गरेको छ ।

**पृष्ठभूमि**

**अ. सडक बालबालिका संरक्षणसम्बन्धी राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्थाहरुः**

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी संवैधानिक व्यवस्थाको प्रत्याभूति गरेको छ । उक्त धारा २२ को उपधारा (४) मा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् **"जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ"** भनी उल्लेख गरिएको छ ।

(ख) बालबालिकासम्बन्धी ऐन, २०४८ को प्रस्तावनामा बालबालिकाको हक, हितको संरक्षण गरी शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उद्देश्य रहेको छ ।

(ग) बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ को नीति नं. ८.१७ मा "सडक बालबालिकाको अभिलेख दुरुस्त गर्ने व्यवस्था मिलाइनेछ । सडकमा आएका बालबालिकाको उद्धार गरी ट्रान्जिट सेन्टरमा राख्ने एवम् परिवारमा पुनर्एकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि पारिवारिक सहयोग, मनोसमाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । सडक बालबालिकाको उद्धार, पुनःस्थापना (स्वास्थ्य सेवा, मनोविमर्श, कुलत छुटकरा) र सामाजिकीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यका लागि जिल्ला बालकल्याण समिति, नगरपालिका लगायतका निकायहरुलाई जिम्मेवार बनाइनेछ र आवश्यकतानुसार यसका लागि सञ्जालको निर्माण गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गरिनेछ" भनी उल्लेख गरिएको छ ।
यसैगरी उक्त नीतिको नीति नं. ८.२४ मा "अपाङ्ग, अनाथ, सडक बालबालिका, सुविधाबाट वञ्चित, द्वन्द्व प्रभावित/आन्तरिक रुपमा विस्थापित र शरणार्थी बालबालिका, बेचविखन-ओसारपसार, यौन तथा आर्थिक शोषण (बालश्रम) मा परेका, जेलमा रहेका, अल्पसंख्यक, दलित र गरीब बालबालिका समेतको अधिकार संरक्षण गर्नका लागि कानूनमा आवश्यक सुधार गर्ने, सेवा प्रवाहमा सुनिश्चित मापदण्ड निर्धारण गर्ने, सेवामा उनीहरुको पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिने छ र ती बालबालिकाका लागि मनोसामाजिक परामर्श, शिक्षा, सीप लगायत पुनःस्थापनाका लागि एकीकृत एवम् लक्षित कार्यक्रम सञ्चालन गरिनेछ" भनी उल्लेख गरिएको छ ।

**आ. सडक बालबालिकाको अवस्था :**

काठमाडौं उपत्यकामा सडकमै रहेका तथा संस्थाहरुका कार्यक्रममा आवद्ध भएका समेत गरी करीब छ सय जना सडक बालबालिका रहेको तथ्याङ्क केन्द्रीय बालकल्याण समितिको स्थिति प्रतिवेदन, २०७१ ले देखाएको छ । अन्य सबै शहरी क्षेत्रहरुमा करिब चार हजारको संख्यामा सडक बालबालिका हुन सक्ने अनुमान गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मार्गदर्शनको नाम **"सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२"** रहने छ ।
(ख) यो मार्गदर्शन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा ,

(क) **"मन्त्रालय"** भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(ख) **"विभाग"** भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले महिला तथा बालबालिका कार्यालय सम्झनु पर्छ ।

(घ) **"केन्द्रीय बालकल्याण समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ३२ (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ङ) **"जिल्ला बालकल्याण समिति"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०४८ दफा ३२ (२) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(च) **"कार्यक्रम"** भन्नाले सडक बालबालिकाको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनःर्स्थापना एव पुनर्एकीकरण सहित सडक बालबालिकाको हितमा कार्य गर्न, गराउन सचेतना लगायत बालअधिकारको प्रबर्द्धन र सडक बालबालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाजसँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहायका कार्यक्रम सम्झनु पर्छः

१. सडक बालबालिका पहिचान तथा उद्धार
२. सम्पर्क गृह (Drop in Centre)
३. सामाजिकीकरण केन्द्र
४. पारिवारिक तथा सामाजिक पुनर्मिलन पुनःर्स्थापना र पुनर्एकीकरण
५. पारिवारिक सहयोग तथा आर्थिक विकास
६. सचेतना तथा रोकथाम
७. नयाँ आगमन तत्काल सम्बोधन

(छ) **"समन्वय समिति"** भन्नाले दफा ६ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ज) **"कार्यकारी निर्देशक"** भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०५१ को नियम ६ बमोजिम नियुक्त वा तोकिएको केन्द्रीय बालकल्याण समितिको प्रशासकीय प्रमुखलाई सम्झनु पर्छ र सो पदले समितिको प्रशासकीय प्रमुख भै काम गर्ने अन्य व्यक्तिलाई समेत जनाउँछ ।

(झ) **"बालकल्याण अधिकारी"** भन्नाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३३ (१) बमोजिम नियुक्त वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ञ) **"स्थानीयस्तरको सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समिति"** भन्नाले दफा ९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ट) **"बालअधिकार अधिकृत"** भन्नाले जिल्लास्तरमा कार्यक्रम सञ्चालनको लागि केन्द्रीय बालकल्याण समितिबाट कार्यक्रम (परियोजना) अवधिभरसम्मका लागि नियुक्त वा तोकिएको जिल्ला बालकल्याण समितिको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ) **"स्थानीय निकाय"** भन्नाले जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स. र ती निकाय अर्न्तगतका वडाहरु समेत सम्झनु पर्छ ।

(ड) **"नगर प्रहरी"** भन्नाले सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाले नियुक्त गरेका स्थानीय निकायका सुरक्षाकर्मी (प्रहरी) सम्झनु पर्छ ।

(ढ) **"सडक बालबालिका"** भन्नाले चौबीसै घण्टा वा रातभर वा दिनभर वा दिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएका देहायका बालबालिका सम्झनु पर्छ :

१. अभिभावक वा परिवार विहीन भई बाध्य भएर सडकमा रहेका,
२. परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पूर्ण रुपमा सडकमा रहेका,
३. परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेका,
४. परिवारसँगै सडकमा रहेका,
५. विपद्, द्वन्द्व लगायतका कारण बासस्थान छाडी वा हराएर वा बेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न बाध्य भएका,
६. विभिन्न कारणले परिवारबाट परित्यक्त भई सडकमा अलपत्र छाडिएका,
७. विशेष परिस्थिति (पारिवारीक विखण्डन समेत) को कारण एक्लै वा साथीसँग सडकमा आश्रय लिएका बालबालिका ।

(ण) **"संघ संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भै सडक बालबालिकाको क्षेत्रमा काम गर्ने गैरसरकारी संघ संस्था तथा सडक बालबालिकाका लागि सञ्चालित बालगृह समेतलाई सम्झनु पर्छ ।

## ३. मार्गदर्शनको उद्देश्यहरुः

(क) सडक बालबालिकको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनःस्थापना तथा पुनर्एकीकरण गरी उनीहरुलाई सडक जीवनबाट मुक्त गर्नु ।

(ख) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को सम्बोधनद्धारा उनीहरु सडकमा आउने क्रमलाई निरुत्साहन गर्नु ।

## ४. कार्यक्रम सञ्चालनः

(क) कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन गर्ने कार्य मन्त्रालयको नेतृत्व र केन्द्रीय बालकल्याण समितिको संयोजनमा, विभाग, कार्यालय, जिल्ला बालकल्याण समिति, स्थानीय निकाय र विकासका साझेदार संस्था लगायतका निकायको समन्वय र सहकार्यमा संघसंस्था मार्फत गरिनेछ । संघसंस्थाले आफै स्रोत जुटाई सम्बन्धित स्थानीय निकायको सिफारिसमा जिल्ला बालकल्याण समितिको स्वीकृति लिई कार्यक्रम संचालन गर्न सक्नेछ । तर काठमाडौं उपत्यकाको हकमा सम्बन्धित स्थानीय निकाय र जिल्ला बालकल्याण समितिको सिफारिसमा केन्द्रीय बालकल्याण समितिको स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेट मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, विभाग, कार्यालय, जिल्ला बालकल्याण समिति, स्थानीय निकाय, संयुक्त राष्ट्र संघीय निकाय, विकासका साझेदारसंगको द्विपक्षीय वा बहुपक्षीय समझदारीबाट प्राप्त हुने श्रोत जुटाई एकीकृत गरिनेछ । सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाले परिचालन गर्ने स्रोत समेतलाई समन्वयनात्मक रुपमा सञ्चालन तथा उपयोग गर्न प्रोत्साहन गरिनेछ ।

(ग) कार्यक्रम कार्यान्वयन गर्दा कुनै समस्या देखिन आएमा मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समितिसँग समन्वय गरी समाधान गर्नेछ ।

(घ) सञ्चालित कार्यक्रमको स्थानीय स्तरमा स्थानीय निकाय, महिला बालबलिका कार्यालय र जिल्ला बालकल्याण समितिले नियमित रुपमा अनुगमन र मुल्यांकन गर्नेछ । आवश्यकतानुसार मन्त्रालय विभाग र केन्द्रीय बालकल्याण समितिले जुनसुकै समयमा पनि अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

(च) सञ्चालित कार्यक्रमको कार्यान्वयन सम्बन्धी भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायले चौमासिक र वार्षिक रुपमा जिल्ला बालकल्याण समिति मार्फत विभाग र केन्द्रीय बालकल्याण समितिमा पठाउनु पर्नेछ र केन्द्रीय बालकल्याण समितिले एकीकृत प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(छ) जिल्ला तहमा सञ्चालन गरिने कार्यक्रम लगायत स्थानीय निकायमा सञ्चालन गरिने कार्यक्रमलाई जिल्ला बालकल्याण समिति, बालकल्याण अधिकारी र बालअधिकार अधिकृतले समन्वय, सहयोग र सहजीकरण गर्नु पर्नेछ ।

(ज) सडकमा बालबालिका नरहने परिस्थितिको सुनिश्चितताको लागि कार्यक्रमलाई दीर्घकालीन रुपमा निरन्तर सञ्चालन गरिने छ ।

### ४.१. सडक बालबालिकाको लागि आवश्यक कार्यक्रमः

सडक बालबालिकासँग सम्बन्धित समस्याहरुको सम्बोधनका लागि सम्बन्धित सबै सरोकारवाला निकायहरुसँगको समन्वय र सहयोगमा देहायबमोजिमका कार्यक्रमहरु सञ्चालन गरिने छन्:–

### ४.१.१. पहिचान तथा उद्धारः

सडकमा भएका तथा सडकमा काम गरेर जीवन धान्ने गतिविधिमा रहेका सडक बालबालिकालाई पहिचान गरी तत्काल उद्धार गर्न र सम्पर्क गृहमा राख्नुको साथै उनीहरुलाई पुनः सडकमा नआउने वातावरण सृजना गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**४.१.१.१ उद्देश्यः** सडकबाट तत्काल उद्धार गरी सम्पर्क गृहमा राख्ने ।

**४.१.१.२ लक्षित समूहः** १८ वर्ष मुनिका सडक बालबालिका ।

**४.१.१.३ जिम्मेवार निकाय तथा संस्थाः**

क) मन्त्रालय, विभाग र कार्यालय

ख) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र स्थानीय निकायहरु
ग) गृह मन्त्रालय र नेपाल प्रहरी
घ) केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समिति
ङ) नेपाल पर्यटन बोर्ड
च) सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाहरु ।

**४.१.१.४ सहयोगी निकाय तथा संस्थाः**

क) सम्वन्धित मन्त्रालयहरु (स्वास्थ्य तथा जनसंख्या, शिक्षा, श्रमतथा रोजगार, अर्थ, उद्योग)
ख) समाज कल्याण परिषद्
ग) नागरिक समाज, बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था र संजालहरु
घ) उद्योग वाणिज्य संघ र सम्बन्धित व्यापारिक संगठन तथा उद्योग व्यवसायीहरु
ङ) बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) तथा बाल हेल्पलाइन नेपाल (१०९८)
च) सञ्चार माध्यम
छ) विकासका साझेदार र अन्य गैससहरु ।

**४.१.१.५ स्रोत मापन तथा व्यवस्थापनः**

सडक बालबालिका उद्धार गर्नुपूर्व सडक बालबालिकाको क्षेत्रमा काम गरिरहेका निकाय तथा संस्थाहरुसँग विद्यमान रहेको भौतिक सुविधाको अवस्था, उपलब्ध सेवा र क्षमताको लेखाजोखा गरी उल्लेखित जिम्मेवार निकायमा विवरण उपलब्ध गराईने छ । यसका लागि सार्वजनिक सूचना समेत प्रकाशन गर्न सकिनेछ । सो सम्बन्धी विवरण सम्बन्धित निकाय लगायत सर्वसाधरण समेतका लागि सार्वजनिक सूचना मार्फत जानकारी गराईनेछ । सबै सुचनाहरु काठमाडौं उपत्यकाको हकमा केन्द्रीय बालकल्याण समितिमा रहनेछ भने अन्य जिल्लाको हकमा जिल्ला बालकल्याण समितिमा रहनेछ । सबै सडक बालबालिकाको राष्ट्रिय अभिलेख तथा सूचना एकीकृत रुपमा केन्द्रीय बालकल्याण समितिमा राखिनेछ । सडक बालबालिकाको लागि क्रियाशील संस्थाहरुको क्षमता तथा कार्यक्रम सहित सूचि तयार गरी सोही आधारमा समन्वय, सहयोग तथा सेवाहरुको उपयोग गरिनेछ ।

**४.१.१.६ अग्रीम जानकारीः**

सडक बालबालिकाको उद्धार गर्नु अगाडि सम्बन्धित संघसंस्थाका सामाजिक कार्यकर्ता, स्थानीय निकाय र नेपाल प्रहरीद्वारा संयुक्त वा छुट्टाछुट्टै रुपमा सडकमा रहेका बालबालिकालाई सडकमा नबस्न तथा संघसंस्थाका सम्पर्क गृहमा जान वा आफ्नै घर परिवारमा फर्कन उत्साहित गराउनुका साथै सडक बालबालिका व्यवस्थापन सम्बन्धी सरकारको कार्यक्रमका बारेमा सबैलाई जानकारी गराइनेछ । तोकिएको मिति पछि सडकमा बालबालिका बस्न नपाइने स्पष्ट जानकारी सहितको सूचना कम्तिमा १५ दिनसम्म लगातार सार्वजनिक सञ्चार माध्यमबाट र आवश्यकतानुसार स्थलगत रुपमासमेत जानकारी गराइनेछ ।

**४.१.१.७ सेवा प्रदायक निकाय तथा संघ संस्थालाई जानकारी तथा निषेधित कार्यः**

बालबालिकाका निमित्त विभिन्न सेवा प्रदायक निकाय तथा विशेषतः सडक बालबालिकासँग कार्यरत संघसंस्थालाई सडक बालबालिकाका लागि संयोजनात्मक रुपमा कार्य गरिनु पर्ने तथा यस मार्गदर्शन र उद्धार प्रक्रियाका बारेमा जानकारी गराइने छ । सडक बालबालिकाका लागि सञ्चालन गरिने कार्यक्रमहरु यसै मार्गदर्शन अनुरुप कार्यान्वयनका लागि आवश्यक समन्वय र सहयोग गर्न अपिल/आब्हान गरिनेछ । आफ्ना कुनै पनि गतिविधिबाट बालबालिकालाई सडकमा नै आश्रित रहन प्रोत्साहन गर्ने खालका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्न निषेध गरिनेछ । सोको जानकारी सार्वजनिक संचारका माध्यमबाट प्रसारण तथा प्रकाशन गरिनेछ । बालबालिकालाई सहयोग गर्न चाहने व्यक्ति वा संस्थाले सडक बालबालिकालाई उद्धार गरी सम्पर्क गृह तथा सामाजिकीकरण केन्द्रमा लगी पारिवारिक पुनर्मिलन, पुनःर्स्थापना तथा पुनर्एकीकरण गर्न केन्द्रित रहने कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन तथा समन्वय गरिनेछ । सडक बालबालिकाको हक हितको नाममा बालबालिकालाई सडकमै रहन प्रोत्साहन गर्ने खालका देहाय बमोजिमका कार्यहरु कसैबाट गर्न र गराउन पाईने छैन :

१) सडकमा नै खाना खुवाउने, कपडा बाँड्ने र स्वास्थ्य उपचार गर्ने, बिभिन्न कक्षा सञ्चालन गर्ने तथा कुनै पनि विषयमा शिविर सञ्चालन गर्ने र कार्यक्रम समाप्ति पश्चात बालबालिकालाई सडकमा नै छाड्ने प्रकृतिका कार्यहरु ।

२) कुनै पनि अवसर, उपलक्ष्यको बहानामा बालबालिका जम्मा गरी सडकमै अथवा अन्यत्र लगी कार्यक्रम गर्ने र कार्यक्रम सकिए पश्चात् पुनः सडकमै छोडिदिने प्रकृतिका कार्यहरु ।

३) सडकमा रहेका बालबालिकालाई पैसा वा खाने कुरा दिने वा पैसा दिएर काममा लगाउने प्रकृतिका कार्यहरु ।

४) अन्य कुनै पनि प्रकारबाट सडकमा नै बसिरहेका कारण उपलब्ध गराइने सेवा र निश्चित सहयोग पश्चात पुनः सडकमा नै बस्नुपर्ने अवस्था सिर्जना हुने कुनै पनि सहयोग वा यस्तै कार्यक्रमहरु ।

### ४.१.१.८ प्रारम्भिक उद्धारः

प्रारम्भमा निश्चित समयावधिको जानकारी र सूचना प्रवाह पश्चात नेपाल प्रहरीले स्थानीय निकाय तथा सरकारी निकाय एवम् सडक बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको समन्वयमा दैनिक रुपमा सडक गल्लीको गस्ति गरी सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धार गरी नजिकको सम्पर्क गृह वा तोकिएको संस्थामा बस्ने व्यवस्था मिलाउने कार्य निरन्तर रुपमा गरिनेछ । उद्धार गरी ल्याइएका बालबालिका राख्ने संस्थाले यसरी ल्याएका बालबालिकाको फोटो सहितको पूर्ण विवरणको एक प्रति प्रतिवेदन तयार पारी स्थानीय निकाय, जिल्ला बालकल्याण समिति र काठमाडौं उपत्यकाको हकमा केन्द्रीय बालकल्याण समितिलाई पठाउनु पर्नेछ । सडकमा लामो समय देखि रहिआएका लागूपदार्थको दुर्व्यशनमा परेका बालबालिकाको पहिचान भएमा वा फेला परेमा त्यस्ता अवस्थाका बालबालिकालाई लागूपदार्थ दुर्व्यशन उपचार विषयसँग काम गर्ने विशेषज्ञता भएका संस्थामा बुझाइने वा स्थानान्तरण गरिनेछ । उद्धार गरेपछि बुझाइने सम्पर्क गृहहरु (Drop in Centres) को चयन गरी तयारी अवस्थामा राखिनेछ । यस्ता सम्पर्क गृहहरु र लागूपदार्थ दुर्व्यशन उपचार गर्ने विशेषज्ञता भएका संस्थाहरु (पुनर्स्थापना केन्द्र) बीच निरन्तर रुपमा कार्यगत समन्वय कायम गरिनेछ ।

### ४.१.१.९ नियमित अनुगमन तथा उद्धारः

विभिन्न परिस्थितिले सडकमा बेवारीस फेला परेका बालबालिकालाई तत्काल उद्दार गर्न नेपाल प्रहरीद्वारा नियमित अनुगमनको व्यवस्था गरिने छ । यस क्रममा शहरका सडक, मन्दिर आदि क्षेत्रहरुमा नियमित रुपमा सडक बालबालिकाको अनुगमन गरिनेछ । नेपाल प्रहरीको नियमित गस्तिको क्रममा बेवारीस बालबालिका फेला परेमा तत्काल उद्धार गरिनेछ । प्रत्येक ईलाका प्रहरी कार्यालय/प्रभाग/वृत्तले आफ्नो मातहतको क्षेत्र भित्र भएका सडक बालबालिकाको उद्धार गरी नजिकको सम्पर्क गृह वा तोकिएको गृहमा पठाउने व्यवस्था मिलाउने छ । कसैले सडकमा बेवारीस बालबालिका फेला परेमा निशुल्क फोन नम्बरहरु नेपाल प्रहरीको नं. १००, बाल हेल्पलाइनको १०९८, बालबालिका खोजतलास समन्वय केन्द्रको १०४, तोकिएका संस्था तथा निकायमा सूचित गर्न सम्पर्क गर्ने टेलिफोन नम्बर सहितको सार्वजनिक सूचना संप्रेषण गरी सर्वसाधारणको सहभागिता र सहयोगका लागि अनुरोध गरिनेछ । सडक वरपर चौबीसै घण्टा तैनाथ रहने बैंक तथा वित्तीय संस्था, व्यापारिक प्रतिष्ठान, सरकारी तथा गैरसरकारी निकाय एवम् संस्था आदिका कार्यालयका सुरक्षाकर्मी र सर्वसाधरणलाई आफ्ना वरिपरि सडक बालबालिका देखिएमा उद्धारका लागि सूचित गर्न अनुरोध गरिनेछ । लामो तथा मध्यम दुरीमा चल्ने यातायातका साधनबाट प्रगोग गरी सडकमा आउन सक्ने सम्भावना भएका बेवारीस बालबालिकाको प्रहरी तथा संस्थाहरुको समन्वयमा नियमित अनुगमन गरिनेछ । अनुगमनका क्रममा भेटिएका बालबालिकालाई आवश्यकतानुसार सम्पर्क गृहहरु (Drop in Centres) मा पठाइनेछ ।

### ४.१.१.१० समन्वयः

१) नेपाल प्रहरी र संघसंस्थाः
उद्धार गरिएका बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरी र सडक बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरु बीच सेवा सुविधा सहितको सूचना तथा जानकारी आदान प्रदान गरिनेछ । जुनसुकै समयमा उद्धार गरी ल्याइएका सडक बालबालिका ग्रहण गर्न सक्ने गरी तयारी अवस्थामा रहन तोकिएका संघसंस्थाहरुको व्यवस्थापन गरिनेछ ।

२) संघसंस्था र स्थानीय निकायद्धारा उद्धार गरिएका बालबालिकाको संरक्षणका लागि स्थानीय निकाय र सो क्षेत्रको सडक बालबालिकाको लागि काम गर्ने विभिन्न संघसंस्थाहरु बीच सडक बालबालिकाको लागि उपलब्ध सेवा सुविधा तथा सडक बालबालिकाको विषयमा जानकारी आदान प्रदान गरिनेछ । त्यस्ता संघसंस्थाको समन्वय र सहयोगमा स्थानीय निकायले सडक बालबालिकाको अभिलेख राखी, दर्ता गरी, अस्थायी परिचय पत्र प्रदान गरी सो को समेत विवरण अध्यावधिक गर्ने व्यवस्था मिलाइने छ ।

३) केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी, स्थानीय निकाय, जिल्ला बालकल्याण समिति, बालबालिका खोजतलास समन्वय केन्द्र, बालहेल्पलाइन नेपाल र संघ संस्था बीचको समन्वयमा सम्पूर्ण सडक बालबालिका सम्बन्धी गतिविधिको अभिलेखीकरण गर्दै तथ्याङ्क तथा आवश्यक विवरण संकलन, विश्लेषण गरी सो को प्रतिवेदन सबै सरोकारवालाबीच समन्वय गर्ने तथा जानकारी आदान प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

### ४.१.२.सम्पर्क गृह (Drop in centre)

सडकबाट उद्धार गरी ल्याईएका बालबालिकालाई अधिकतम तीन महिनासम्म सम्पर्क गृहमा राखिने छ । यस्ता गृहको प्रमुख दायित्व उनीहरुको मनोसामाजिक अवस्था, सडक जीवनमा अपनाएको व्यवहार विशेष गरी धुम्रपान तथा मध्यपानसेवन, लागूऔषधको लत तथा अन्य कुनै हानिकारक व्यवहार छुटाईने कार्य गरिनेछ । प्रत्येक बालबालिकाको पूर्ण विवरण तथा फोटो सहितको घटना अध्ययन विवरण तयार गरिनेछ र सकेसम्म चाँडो सामाजिककीरण केन्द्रमा स्थानान्तरण गरिनेछ । आवश्यकतानुसार लागूऔषधको लत बसेका बालबालिकालाई लागूऔषध सुधार केन्द्रमा स्थानान्तरण गरिनेछ । साना उमेरका र सडकमा आएका छोटो समय भएका बालबालिकालाई लामो समयसम्म सडकमा रहेका तथा विभिन्न दुर्व्यशनको लत भएका बालबालिका भन्दा अलग राखिनेछ ।

#### ४.१.२.१ उद्देश्यः

क) उपयुर्क्त वातावरण प्रदान गरी सडकमा फर्कनबाट रोक्ने ।
ख) आवश्यकतानुसार आधारभूत सेवा सुविधा उपलब्ध गराउने ।
ग) उद्धार गरिएका बालबालिका तथा उनीहरुको परिवारको सूचना संकलन गर्ने ।
घ) शारीरिक, मानसिक तथा शैक्षिक अवस्थाको जानकारी लिई बालबालिकाको अवस्थामा सकारात्मक सुधार ल्याउने ।
ङ) न्यूनतम मापदण्ड पूरा गरी सामाजिकीकरण केन्द्रमा सिफारिस गर्ने ।

**४.१.२.२ लक्षित समूहः** १८ वर्ष मुनिका सडकबाट उद्धार गरी ल्याईएका बालबालिकाका वा सडकबाट आफैं आएका बालबालिका ।

#### ४.१.२.३ जिम्मेवार पक्षः

सूचिकृत गरिएका सम्पर्क गृह (Drop in centre) सञ्चालन गर्ने संघसंस्था वा सोही बमोजिम सेवा प्रदान गर्ने निकाय एवम् स्रोत प्रदान गर्ने निकाय वा संस्था ।

#### ४.१.२.४ सेवा तथा गतिविधि

क) आपत्कालीन सेवाः- बालबालिकाको शारीरिक र मानसिक अवस्था हेरी आवश्यकतानुसार आपतकालीन सेवा उपलब्ध गराउने ।

ख) विशेष सेवाः– बालबालिकाको अवस्था हेरी लागूऔषधको लत वा लामो समयदेखि मध्यपानको लत भएका र उनीहरुलाई विशेष हेरचाह गर्नुपर्ने भए सोही वमोजिम विशेषज्ञता हासिल गरेको संघ संस्थामा सिफारिस गर्ने ।

ग) आवास तथा खानाः- बालबालिकालाई उचित आवासको व्यवस्था गर्ने तथा पोषण युक्त खानाको व्यवस्था गर्ने

स्पष्टीकरणः (खाना बनाउने तथा सरसफाईमा सामाजिक कार्यकर्तासँग बालबालिकालाई पनि संलग्न गराई बिस्तारै जिम्मेवार बनाउदै लगिने, खानाको तालिका देखिने गरी राख्नु पर्ने, खाना तालिका र कामको बाँडफाँड सम्बन्धी निर्णय गर्दा उनीहरुको सहभागितामा छलफलबाट गर्ने जसले गर्दा त्यसलाई लागू गर्न र काम गर्नमा जिम्मेवार बन्न मद्दत पुग्नेछ) ।

घ) सरसफाईः- आवश्यकता हेरी बालबालिकामा प्रतिकूल असर नपर्ने गरी उनीहरुको सरसफाईमा विशेष ध्यान दिनुपर्ने छ ।

ङ) स्वास्थ्य तथा औषधि उपचारः- सामान्य घाउ चोटपटक लागेको अवस्था भए प्राथमिक औषधि उपचारको व्यवस्था सम्पर्क गृहमा गर्नुपर्नेछ । त्यस बाहेकको बिरामी भएको वा औषधि उपचार गर्नुपर्ने अवस्थामा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लगेर उपचार गर्नुपर्नेछ बालबालिकाको स्वास्थ्यको लागि निम्न कार्यहरु अनिवार्य रुपमा गर्नुपर्ने छ :–

अ) आवश्यक नियमित खोपहरु लगाए नलगाएको एकिन गरी नलगाएको भए लगाउने व्यवस्था मिलाउने ।
आ) सामान्य स्वास्थ्य परीक्षण ।
इ) रगत समूह जाँच, एचआईभी, यौनजन्य सरुवा रोग, हेपाटाइटिस जाँच ।
ई) दिसा, पिसाबको जाँच ।
उ) क्षयरोग तथा अन्य सरुवा रोग परीक्षण ।

च) शिक्षा तथा चेतना अभिबृद्धिः- औपचारिक वा अनौपचारिक माध्यमबाट बालबालिकालाई शिक्षा प्रदान गरी कम्तिमा साक्षर बनाउने तथा उमेर र रुची अनुसार औपचारिक शिक्षाको लागि विद्यालय भर्ना गर्न वातावरण तयार गर्ने ।

छ) सिर्जनात्मक गतिविधि:- शारीरिक तथा मानसिक विकास हुने खालका सृजनात्मक गति गतिविधिहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

स्पष्टीकरण: योग तथा ध्यान गराउने, चित्र बनाउने, कथा लेख्ने तथा कथा भन्ने, नृत्य, गीतसंगीत , कोठा भित्र खेलिने खेल, शब्दजाल, छलफल जस्ता गतिविधि गराउनाले उनीहरुको मानसिक समस्यामा सुधार ल्याउन सकिन्छ । यसका साथै उनीहरुको क्षमता बृद्धि हुने किसिमका चलचित्र, टि.भी. कार्यक्रम पनि उनीहरुलाई अति आवश्यक हुने र त्यस्ता गतिविधिहरुले उनीहरुलाई मनोरञ्जन पनि दिने हुनाले त्यस्ता गतिविधिको तालिका बनाई दैनिक रुपमा सञ्चालन गर्नुपर्नेछ । सडक बालबालिकालाई खेलको माध्यमबाट क्रमिक रुपमा सुधार गर्न मद्दत पुग्ने भएकोले फुटबल, तेक्वान्दो, कराँते, क्रिकेट, टेबल टेनिस जस्ता खेल दैनिक खेलाउन जरुरी हुन्छ । तर त्यस्ता गतिविधिमा उनीहरुको इच्छा अनुसारको खेलमा सहभागी गराउनु पर्दछ र कुनै पनि गतिविधिका लागि जबरजस्ती गर्नु हुदैन, बरु बिकल्प दिनु राम्रो हुन्छ । साथै समय समयमा बाह्य भ्रमण गराउनु उपयुक्त हुनुका साथै उल्लिखित कार्यको दैनिक गतिविधिको तालिका समेत देखिने गरी राख्नुपर्ने छ ।

ज) मनोविमर्श सेवा:– सडक बालबालिकाको लागि साधारण मनोविमर्श सेवा उपलब्ध गराई थप मनोविमर्श सेवा आवश्यक भएका बालबालिकालाई विशेष योग्यता प्राप्त मनोविमर्शकर्ताकोमा सिफारिस गर्नुपर्छ । साधारण मनोविमर्श सेवा कम्तिमा ६ महिनाको विषयगत तालिम प्राप्त मनोविमर्शकर्ताबाट उपलब्ध गराइनेछ । थप मनोविमर्श सेवा आवश्यक भएमा मनोविमर्शसम्बन्धी विशेष योग्यता प्राप्त मनोविमर्शकर्ताबाट उपलब्ध गराउनु पर्दछ ।

झ) सामाजिकीकरण केन्द्रमा सिफारिस:– आवश्यक न्यूनतम मापदण्ड पूरा गरी बालबालिकाको अवस्थामा सुधार आएपछि सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु पर्दछ । सम्पर्क गृह सञ्चालन गर्ने संस्थाको आफ्नै सामाजिकीकरण केन्द्र नभएमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिको समन्वयमा अन्य संस्थाबाट सञ्चालित सामाजिकीकरण केन्द्रमा सिफारिस गर्नु पर्दछ । बालबालिकालाई तीन महिनासम्म सम्पर्क गृहमा राख्न सकिनेछ । यदि थप अवधि राख्नु पर्ने भएमा जिल्ला तथा केन्द्रीय बालकल्याण समितिलाई कारण सहित जानकारी गराउनु पर्नेछ ।

**४.१.२.५ समन्वय:**

क) नेपाल प्रहरी, स्थानीय निकाय, बालबालिका खोजतलास समन्वय केन्द्र, बाल हेल्पलाइन नेपाल र संस्था:– सम्पर्क गृह वा तोकिएको संस्थामा आश्रित बालबालिका भागेको खण्डमा नेपाल प्रहरी तथा खोजतलास केन्द्र (१०४), बालहेल्पलाइन (१०९८) मा सम्बन्धित निकाय तथा उद्धार गरी ल्याउने निकाय एवं संस्थाले तुरुन्त जानकारी दिनु पर्नेछ । साथै अन्य बालबालिकाको व्यक्तिगत तथा पारिवारिक विवरण चौमासिक रुपमा सेवा प्रदायक संस्थाले सम्बन्धित स्थानीय निकाय, जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिमा बुझाउनु पर्नेछ । सेवा प्रदायक संस्थाले बालबालिकाको विवरण राखी सम्बन्धित स्थानीय निकायबाट अस्थायी परिचय पत्र एक महिना भित्र लिई सक्नु पर्नेछ र उक्त कार्यमा स्थानीय निकायको सहयोग प्राप्त हुनेछ । ।

ख) सेवा प्रदायक संस्था संस्था बीचको समन्वय:– कुनै बालबालिका आफ्नो संस्थामा आउनु पूर्व अर्को संस्थामा रहेको भए सोको विवरण लिन वा एक संस्थाबाट विविध कारणले अर्को संस्थामा सिफारिस गर्नुपर्ने अवस्था रहेमा वा स्रोत साधन आदान प्रदान गर्नुपर्ने भएमा यसका लागि कार्यगत समन्वय कायम गर्नु पर्नेछ ।

ग) केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र संस्था बीचको सम्बन्ध :– केन्द्रीय बालकल्याण समिति/जिल्ला बालकल्याण समितिले संस्थाको गतिविधिको दैनिक वा आवश्यकतानुसार अनुगमन र मूल्याङ्कन गर्नेछ । आवश्यकताअनुसार क्षमता अभिवृद्धि गर्नुका साथै एक संस्थाबाट अर्को संस्थामा बालबालिका सिफारिस गर्दा समन्वयकारी भूमिका निर्वाह गर्नेछ । संस्थाले सम्पूर्ण गतिविधिको चौमासिक र बार्षिक प्रतिवेदन तथा बालबालिकाको व्यक्तिगत विवरणहरु तोकिएको ढाँचामा जिल्ला बालकल्याण समिति र केन्द्रीय बालकल्याण समितिलाई बुझाउनु पर्नेछ ।

**४.१.३. सामाजिकीकरण केन्द्र:**

सम्पर्क गृहबाट सिफारिस भई आएका सडक बालबालिकालाई सामान्यतया बढीमा १८ महिनासम्म सामाजिकीकरण केन्द्रमा राख्न सकिनेछ । यस अवधिमा बालबालिकाको सामाजिक पुनर्स्थापना तथा पुर्नएंकीकरण सहितको

सामाजिकीकरण केन्द्रबाट बहिर्गमन हुने लक्ष्य अनुरुप कार्य गरिनेछ । सामाजिकीकरण केन्द्र आवसीय सुविधा सहितको हुनेछ, जहाँ बालबालिकालाई मनोविमर्श, मनोसामाजिक उपचार र उनीहरुको क्षमता पहिचान सहित भविष्य सुनिश्चित गर्न सहयोग गर्नुपर्नेछ ।

**४.१.३.१उद्देश्यः**

क) सडकमा रहदा अपनाएका खराब लत पूर्ण रुपमा त्याग्ने अवस्था सिर्जना गर्ने ।

ख) उमेर अनुसार साक्षर बनाउने वा विद्यालय भर्ना गर्न तयारी गर्ने वा व्यावसायिक शिक्षा तथा तालिमको सूचि सहित तयारी गर्ने ।

ग) बालबालिकाको शारीरिक तथा मानसिक अवस्थामा सुधार ल्याउने, र सीप तथा क्षमता विकास गर्ने ।

घ) परिवार, समुदाय वा वैकल्पिक परिवारमा सामाजिक पूनर्एकीरणको लागि तयारी गर्ने ।

**४.१.३.२ लक्षित समूहः**

क) सम्पर्क गृहबाट सिफारिस भई आएका सम्पूर्ण बालबालिका ।

ख) अन्य संस्थाको सम्पर्क गृहबाट सिफारिस भई आएका बालबालिका ।

ग) जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका बालबालिका ।

घ) लागूपदार्थ दुर्व्यशन उपचार केन्द्रबाट सिफारिस भई आएका १८ वर्षमुनिका बालबालिका ।

**४.१.३.३ जिम्मेवार पक्षः**

सूचिकृत सामाजिकीकरण केन्द्र संचालन गर्ने संघसंस्था ।

**४.१.४. पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनर्स्थापना पुनर्एकीकरणः**

सामाजिकीकरण केन्द्रमा रहेका बालबालिकालाई अवस्था हेरी सम्भव भएसम्म परिवार, नातेदार वा वैकल्पिक परिवारमा पुनर्मिलन, पुनर्एकीकरण तथा पुनर्स्थापना गरिनेछ । यस्तो कार्यक्रम सामाजिकीकरण केन्द्र सञ्चालन गर्ने संस्थामा नभएको खण्डमा पुनर्एकीकरण तथा पुनर्स्थापनासम्बन्धी कार्य गर्ने संस्थालाई केन्द्रीय वा जिल्ला बालकल्याण समितिको समन्वयमा सिफारिस गरी सो मार्फत परिवारमा पुनर्मिलन पुनर्स्थापना, तथा पुनर्एकीकरण गरिनेछ । यदि बालबालिकाको उमेर १६ वर्ष पुगेको छ र परिवारमा पुनर्मिलन हुन नचाहेको अवस्थामा समूदायमा एक्लो वा दुईदेखि चार जनाको सानो समूहमा रहने व्यवस्था गर्न सकिनेछ । माथि उल्लेखित कुनै पनि व्यवस्था नभए विशेष गरी सानो उमेर भएका बालबालिका तर परिवार नभएका वा विविध कारणले पुनर्मिलन गराउन सकिने कुनै पनि सम्भावना नभएको अवस्थामा मात्र केन्द्रीय बालकल्याण समितिको स्वीकृति लिई दीर्घकालीन बालगृहमा राख्ने व्यवस्था मिलाउन सकिनेछ । सकेसम्म बालबालिकाको परिवारमा नै पुनर्मिलन गर्न परिवार सहयोग तथा विकास कार्यक्रममा जोड दिईनेछ । यसरी जुनसुकै स्थानमा पुनर्मिलन वा पुनर्एकीकरण वा पुनर्स्थापना गरिएका बालबालिकालाई आवश्यकतानुसार औपचारिक वा अनौपचारिक शिक्षा, सीप विकास शिक्षा तथा उनीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराइने छ । यस क्रममा परिवार तथा बालबालिकालाई परामर्श तथा मनोविमर्श सेवा समेत प्रदान गरिनेछ ।

**४.१.४.१ उद्देश्यः**

क) बालबालिकाको पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनःस्र्थापना र पुनर्एकीकरण गर्ने ।

ख) परिवारको समस्या पहिचान गरी समस्या समाधान गर्न सक्षम बनाउने ।

ग) सडक बालबालिकाको निमित्त उनीहरुको परिवारमा रहने उचित वातावरण बनाउन सहयोग गर्ने ।

घ) आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य तथा अन्य अति आवश्यक सेवा उपलब्ध गराउने ।

ङ) सडक बालबालिका र परिवारका सदस्यहरु बीच आईपर्ने समस्या आपसी समन्वयमा समाधान गर्न सहयोग गर्ने ।

**४.१.४.२ लक्षित समूहः**

क) सामाजिकीकरण केन्द्रबाट सिफारिस गरिएका बालबालिका ।

ख) सामाजिकीकरण केन्द्रबाट सिफारिस गरिएका बालबालिकाका परिवार तथा अभिभावक ।

ग) सामाजिकीकरण केन्द्रबाट सिफारिस गरिएका बालबालिकाका निमित्त नियुक्त वैकल्पिक परिवार ।

घ) सामाजिकीकरण केन्द्रबाट सिफारिस गरिएका अन्य बालबालिकाका परिवार ।

### ४.१.४.३ जिम्मेवार पक्षः
कार्यक्रम सञ्चालन गर्ने संघसंस्था ।

### ४.१.५. पारिवारिक सहयोग तथा आर्थिक विकासः
सडक बालबालिका वा उनीहरुको परिवार तथा जोखिममा रहेका बालबालिकाको आर्थिक अवस्थामा सुधार गरी जीवनयापनलाई दीगो बनाउन आर्थिक विकाससँग सम्बन्धित गतिविधि सञ्चालन गरिनेछ र आवश्यकतानुसार परिवारलाई आत्मनिर्भर हुन आर्थिक सहयोग गर्ने र गरी परिवारका सदस्यहरुको शैक्षिक योग्यतानुसारको सीप विकास गरी आय आर्जनको लागि प्रोत्साहन गरिनेछ । सरकारी तथा गैरसरकारी स्तरमा सञ्चालित सीप शिक्षा, आय आर्जन तथा आर्थिक विकासका विभिन्न कार्यक्रमहरुमा उनीहरुलाई सहभागी गराउन आवश्यक समन्वय गरिनेछ । उमेर, क्षमता र संभावना भएका बालबालिकालाई व्यवसायिक प्रतिष्ठानहरुमा समेत रोजगारीको अवसर सृजना गर्न उद्योग वाणिज्य महासंघ लगायतका व्यावसायिक संघसंस्थाहरुसँग मन्त्रालयले आवश्यक समन्वय गर्नेछ ।

### ४.१.५.१ उद्देश्य
क) १६ वर्ष उमेर पुगेका वा १२ कक्षा उत्तीर्ण भएका सडक बालबालिकाको सीप विकास गरी रोजगारीको सुनिश्चितता गर्ने ।
ख) पारिवारिक आर्थिक दुरावस्थाका कारण सडकमा आउनुपरेका बालबालिकाका हकमा परिवारको आर्थिक अवस्थामा सुधार ल्याउन आवश्यक सहयोग गर्ने ।

### ४.१.५.२ लक्षित समूह
क) १६ वर्ष उमेर पुगेका तथा परिवार र समाजमा पुनर्मिलन, पुनर्एकीकरण, पुनःस्र्थापन गरिएका बालबालिका ।
ख) पारिवारिक आर्थिक दुरावस्थाका कारण सडकमा रहेका बालबालिकाका परिवार । यस कार्यक्रम अन्तरगत मूलतः निम्न सेवा तथा गतिविधिहरु सञ्चालन गरिनेछ :
- अ) व्यावसायिक तालिम- १६ वर्ष पूरा गरेका सडक बालबालिका र ४० वर्ष ननाघेका उनीहरुका परिवारका सदस्यलाई आवश्यकता अनुसार उनीहरुकै शैक्षिक योग्यता, क्षमता अनुसार रोजगारको उपलब्धता हेरी तालिम प्रदान ।
- आ) रोजगारीको व्यवस्थाः– व्यावसायिक तालिम प्राप्त भए पछि उनीहरुलाई रोजगार खोज्न सहयोग ।
- इ) लक्षित समूह र समूहको परिवारलाई सोही समूदायका अन्य परिवारहरुको समूह गठन गरी दैनिक बचत गर्ने व्यवस्था तथा आय आर्जनमा वृद्धि गर्न सहयोग ।
- ई) परिवार समूहका सदस्यहरु वा समूहमा नरहेका सडक बालबालिका परिवारको आय आर्जन बृद्धि गर्न विभिन्न पेसा व्यवसाय सञ्चालन गर्न सहयोग ।

### ४.१.५.३ जिम्मेवार पक्ष
कार्यक्रम संचालन गर्ने सूचिकृत संघसंस्था, तालीम प्रदायक निकाय मन्त्रालय/विभाग/केन्द्रीय वाल कल्याण समिति

### ४.१.६. सचेतना तथा रोकथाम
सडकमा बालबालिका नरहने अवस्था ल्याउनका लागि बालबालिका आउने मूल गाउँठाउँ लगायतका स्थान र सम्बन्धित व्यक्ति, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र उनीहरुको परिवारका लागि सचेनता कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.१.६.१उद्देश्य
क) सडकमा बालबालिका नरहने अवस्था ल्याउनका लागि सचेतना अभिवृद्धि गर्ने ।

### ४.१.६.२ लक्षित समूह
क) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र उनीहरुको परिवार तथा परिवार रहेका गाउँठाउँहरु ।

### ४.१.६.३ जिम्मेवार पक्ष
कार्यक्रम संचालन गर्ने निकाय तथा सूचिकृत संघसंस्था ।

### ४.१.७. नयाँ आगमन तत्काल सम्बोधन

सडक बालबालिकाको पुनःर्स्थापनाको लागि बालबालिका आउने स्रोत तथा गन्तव्यस्थान दुवै ठाउँमा कार्यक्रम सञ्चालन गरिने छ । हाल सडक बालबालिकाको नयाँ आगमन रोकथाम तथा उनीहरुको व्यवस्थापनको लागि पहिलो चरणमा गन्तव्यस्थान र दोस्रो चरणमा स्रोतस्थान केन्द्रित भएर देहायका कार्यक्रम सञ्चालन गरिनेछन् :

**४.१.७.१ काठमाडौं उपत्यकाका हकमाः**
उपत्यका प्रवेश गर्ने सबै नाकाहरुमा प्रहरीबाट निगरानी गर्ने व्यवस्था गरिनेछ । कुनै पनि बालबालिका एक्लै काठमाडौं उपत्यकामा प्रवेश गर्दैछन् भने बालमैत्री ढंगले सोधपुछ गरी आवश्यकतानुरुप तोकिएका सम्पर्क गृह वा सामाजिकीकरण केन्द्रमा पठाइने छ र त्यहाँबाट उचित विश्लेषण गरी पारिवारिक पुनर्मिलन वा सम्पर्क गृहमा राखिनेछ ।

**४.१.७.२** सबै लामो दुरीका सार्वजनिक यातायातमा बालबालिका एक्लैले यात्रा गरिरहेका छन् भने बालमैत्री ढंगले सोधपुछ गरी आवश्यकतानुसार प्रहरीलाई खबर गर्न सम्बन्धित सबैलाई अनुरोध गरिनेछ ।

**४.१.७.३** सडकमा माग्ने, फोहर संकलन गर्ने लगायत बालबालिकालाई एक्लै अलपत्र देखेमा पुऱ्याउने स्थान, खबर गर्ने टेलिफोन नम्बरका बारेमा व्यापक प्रचारप्रसार गरिनेछ । यस्ता बालबालिकालाई तत्काल घर परिवारमा फर्काइने छ भन्ने सार्वजनिक सूचना संप्रेषण गरिनेछ ।

**४.१.७.४** त्यस्ता बालबालिका रहेको खबर प्राप्त हुनासाथ तत्काल सम्बोधन हुने गरी प्रहरी लगायत अन्य संघसंस्थाले सम्पर्क गृह वा सामाजिकीकरण केन्द्रमा लाने प्रबन्ध मिलाउनेछ । यसका लागि निश्चित संख्यामा सम्पर्क गृह वा सामाजिकीकरण केन्द्रलाई तयारी हालतमा राखिनेछ ।

**४.१.७.५** शहर बजारमा जोखिमपूर्ण अवस्थामा रहेका परिवार जस्तै सुकुम्बासी र सडकपेटी पसले लगायतका बालबालिका, जो सडक बालबालिकाका रुपमा आउने उच्च जोखिममा रहेका हुन्छन्, उनीहरुको रोकथामका लागि त्यस्ता परिवार र बालबालिका बीच सचेतनामूलक कार्यक्रम सञ्चालन गरी उनीहरुको शिक्षा, स्वास्थ्य तथा पालनपोषणका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।

**४.१.८. प्रक्रिया तथा विधि**
सडक बालबालिकाको उद्धार, मनोविमर्श, संरक्षण, सामाजिकीकरण, पारिवारिक तथा पुनर्मिलन, सामाजिक पुनःर्स्थापना र पुनर्एकीकरण, देहाय बमोजिमका प्रक्रिया र विधि अपनाइने छ :–

**४.१.८.१ कार्यसञ्चालन पुस्तिका** (Operational Mannual)
माथि उल्लेखित गतिविधि सञ्चालन गर्नका लागि छुट्टाछुट्टै विस्तृत कार्यसञ्चालन पुस्तिका तथा मानदण्ड तयार गरी लागू गरिनेछ, जुन यसै मार्गदर्शनको अभिन्न अंग हुनेछ ।

**४.१.८.२ निरन्तर व्यक्तिगत निगरानी** (Individual Follow up)
सडक बालबालिका तथा उनीहरुको परिवारका लागि निरन्तर निगरानी राख्न सामाजिक कार्यकर्ताको व्यवस्था गरिनेछ । निरन्तर व्यक्तिगत निगरानी सामान्यतया २ वर्ष सम्म गरिनेछ । बालबालिका र उनीहरुको परिवारमा आएको चेतना र सक्षमताको आधारमा अवधि थप गर्न सकिनेछ ।

**४.१.८.३ घटना व्यवस्थापन** (Case Management)
प्रत्येक बालबालिकाको घटना लाई उपयुक्त तवरले निरन्तर सहयोग गरी उनीहरुको अवस्थामा सुधार ल्याउन तोकिएको ढाँचा र उद्देश्यको साथ घटना व्यवस्थापन गरिनेछ । उक्त कार्यको निमित्त शुरुवातदेखि अन्तिमसम्मका निश्चित ढाँचा तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**४.१.८.४ सिफारिस प्रणाली** (Referral)
सडक बालबालिकासँग कार्य गर्नका लागि यस मार्गदर्शन बमोजिम विभिन्न चरणका कार्य गरी क्रमिक रुपमा उनीहरुलाई सुधार गर्दै पुनःर्स्थापना गर्न एकीकृत रुपमा चरणबद्ध रुपमा कार्यक्रम तर्जुमा गरिनेछ । निश्चित संख्याका बालबालिकाको लागि यस्ता सबै कार्यक्रम एउटै संस्थाबाट सञ्चालनमा ल्याउन सकिनेछ तर कतिपय अवस्थामा यो कठिन हुन सक्ने हुनाले विभिन्न चरणको काम विभिन्न संस्थाले सञ्चालन गर्ने र एउटा संस्थाबाट सम्भव नभएको काम अर्को चरणको

कामका लागि अर्को संस्थामा सिफारिस गर्दै पूर्णता दिईनेछ । जस्तै सम्पर्क गृह, सामाजिकीकरण केन्द्र, पारिवारिक पुनर्मिलन, पुनर्एकीकरण तथा पुनःर्स्थापना अलग अलग संस्थाले समन्वयनात्मक रुपमा गर्नु पर्नेछ । सिफारिस गर्नका लागि आवश्यक पर्ने न्युनतम मापदण्ड निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । हाल सडक बालबालिकाका लागि क्रियाशील सबै संस्थाहरुलाई सामान प्रक्रिया अनुरुप समन्वयनात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

**४.१.८.५ अध्ययन/अनुसन्धान** (Research/Study)
सडक बालबालिकासँग सम्बन्धित विषयहरुको आवश्यकतानुसार अध्ययन/अनुसन्धान गरिने छ । सडक बालबालिकाकम लागि संचालन गरिएका सबै कार्यहरुको उचित अभिलेख राखी सोको विश्लेषणका आधारमा आवश्यक सुधार गर्दै लगिनेछ । असल सिकाई तथा सफलताहरुको अभिलेख राखिने छ ।

**४.२ केन्द्रीय बालकल्याण समितिको जिम्मेवारीः**

**४.२.१ राज्यको स्रोत साधनको मापन, व्यवस्थापन तथा परिचालनः**

क) सडक बालबालिकाका लागि उपलब्ध सेवा, सुविधा र क्षमताको मापन गरी अभाव रहेको सेवा सुविधाको बारेमा सम्बन्धित निकायलाई जानकारी गराई नयाँ कार्यक्रममा सो अभाव पूर्ति गर्न मन्त्रालयमा सिफारिस गर्ने ।
ख) विशेष गरी राज्यबाट उपलब्ध हुन सक्ने स्रोत साधन परिचालन गरी सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्ने ।
ग) सरोकारवाला मन्त्रालयहरु, विभागहरु तथा कार्यालयहरु, नेपाल प्रहरी, स्थानीय निकाय र संघसंस्थाका बीच समन्वय गर्ने ।

**४.२.२ सेवा प्रदायकको क्षमता अभिबृद्धिः**
सडक बालबालिकाको क्षेत्रमा कार्यरत निकाय तथा संघ संस्थाको क्षमता विकास गरी गुणस्तरीय सेवा प्रवाहमा एकरुपता कायम गर्ने ।

**४.२.३ समन्वयः**
विभिन्न निकाय, संघ संस्था र राज्यका सम्बधित सरोकारवालाहरुसँग समेत समन्वय गरी सडक बालबालिकासँग सम्बन्धित गतिविधि थप प्रभावकारी बनाउने । एक संस्थाबाट अर्को संस्थामा बालबालिका सिफारिस गर्न समन्वय गर्ने ।

**४.२.४ अनुगमन तथा मूल्याङ्कनः**
सेवा प्रदायक संस्थाले मापदण्ड वा तोकिए बमोजिम कार्य गरे नगरेको, एक आपसमा सिफारिस गर्दा आई परेका समस्या र सडक बालबालिकाको अवस्थामा सुधार भए नभएको र समग्र लक्ष्य अनुरुपको उपलब्धि तथा प्रभावको अनुगमन तथा मुल्याङ्कन गर्ने । यदि मापदण्ड वा तोकिए बमोजिम कार्य नगरेको खण्डमा सम्बन्धित निकायमा कारबाहीका निमित्त सिफारिस गर्ने वा समस्या समाधानको लागि सम्बन्धित सबैको समन्वयमा आवश्यक पहल गर्ने ।

**४.२.५ सडक बालबालिका व्यवस्थापन इकाईः**
यस मार्गदर्शन बमोजिमका कार्य लगायत सडक वालवालिकाको व्यवस्थापन संग सम्बन्धित तथ्यांक तथा सूचनाहरुको एकीकृत रुपमा अद्यावधिक गर्ने र सम्पर्क केन्द्रका रुपमा कार्य गर्नका लागि स्रोतसाधन सहित केन्द्रीय बालकल्याण समितिमा एक बेग्लै सडक बालबालिका व्यवस्थापन इकाई स्थापना गरिने छ ।

**५. कार्यक्रम कार्यान्वयन रणनीतिः**

**५.१** यस मार्गदर्शन बमोजिम सञ्चालित कार्यक्रमलाई बालअधिकारको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको क्षेत्रमा काम गर्ने सरकारी निकाय, स्थानीय निकाय, पर्यटन सम्बन्धी काम गर्ने सरकारी निकाय तथा निजी क्षेत्र, शहरी विकाससम्बन्धी काम गर्ने निकाय, स्थानीय तथा राष्ट्रियस्तरका विकासका साझेदार संघसंस्थासँगको समन्वय, सहयोग र साझेदारीमा सञ्चालन गरिनेछ ।

**५.२** कार्यक्रमलाई नेपाल सरकारको कार्यक्रमहरुसँग परिपूरक हुने गरी समन्वयको व्यवस्था गर्दै कार्यान्वयन गरिनेछ ।

**५.३** अधिकारमा आधारित अवधारणा अनुसार कार्यक्रम कार्यान्वयन गर्न अन्य निकायको कार्यक्रमसँग तालमेल

मिलाइनेछ ।

**५.४** सरोकारवालाहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ६. सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समितिः

६.१ एकीकृत कार्यक्रमको तर्जुमा, सञ्चालन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न देहाय बमोजिमका एक **सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समिति** गठन हुनेछः

| | |
|---|---|
| १. सचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय | –संयोजक |
| २. सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | –सदस्य |
| ३. सहसचिव गृह मन्त्रालय | –सदस्य |
| ४. महानिर्देशक, महिला तथा बालबालिका विभाग | –सदस्य |
| ५. कार्यकारी निर्देशक, केन्द्रीय बालकल्याण समिति | –सदस्य |
| ६. प्रहरी नायब महानिरिक्षक, महिला तथा बालवालिका सेवा निर्देशनालय, नेपाल प्रहरी | –सदस्य |
| ७. सदस्य सचिव, समाज कल्याण परिषद् | –सदस्य |
| ८. कार्यकारी निर्देशक, नेपाल पर्यटन बोर्ड | –सदस्य |
| ९. कार्यकारी अधिकृत, काठमाडौं महानगरपालिका | –सदस्य |
| १०. सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाको संजालको प्रतिनिधि एक जना | –सदस्य |
| ११. समन्वय समितिले मनोनयन गरेको सडक बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाको एक जना महिला प्रतिनिधिसहित दुईजना प्रतिनिधि | –सदस्य |
| १२. सहसचिव (महिला शशक्तिकरण तथा बाल बिकास महाशाखा), महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय) | –सदस्य-सचिव |

६.२ समन्वय समितिको बैठकमा सम्बन्धित जिल्लका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी उपमहानगरपालिका एवं नगरपालिकाका कर्यकारी अधिकृत र आवश्यकता अनुसार सम्बन्धित आमन्त्रित संस्थाको प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

६.३ समन्वय समितिको वैठक कम्तिमा दुई महिनाको एक पटक बस्नेछ ।

६.४ समन्वय समितिको बैठकको गणपुरक संख्या कूल सदस्य संख्याको ५१ प्रतिशतलाई मानिनेछ ।

६.५ सडक बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाबाट मनोनित हुने प्रतिनिधिलाई समन्वय समितिले हरेक ३ वर्षमा मनोनयन गर्नु पर्नेछ ।

६.६ बैठकको निर्णय सदस्य सचिवबाट प्रमाणित गरिनेछ ।

६.७ समन्वय समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

**७.** समन्वय समितिको **काम, कर्तव्य र अधिकारः** सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) कार्यक्रमको नीतिगत व्यवस्था, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने

(ख) कार्यक्रमको लक्ष्य प्राप्तिको निम्ति स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको विस्तृत कार्यान्वयन कार्ययोजना निर्माण गरी लागू गर्ने

(ग) कार्यक्रमको प्रतिवेदनको अध्ययन गर्ने, आवधिक योजना र प्रगतिको समीक्षा गर्ने

(घ) आवश्यक भएमा विस्तृत कार्यान्वयन कार्ययोजनालाई समयानुकूल परिमार्जन गरी कार्यान्वयन गर्ने ।

## ८. जिल्ला बालकल्याण समितिको भूमिकाः

प्रत्येक जिल्लामा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि जिल्ला बालकल्याण समितिको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु लागू गर्न बालबालिका सम्बन्धी नियमावली, २०५१ को नियम १० को अधिनमा रही उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा महत्वपूर्ण निर्णयहरु गर्दा सम्बन्धित गैसस, बालक्लब, जिल्ला बाल सञ्जालका प्रतिनिधि वा बालबालिकाहरुसँग परामर्श गर्ने र सो बमोजिम कार्यक्रम कार्यान्वयनमा सहयोग

गर्ने ।

(ग) प्रत्येक वर्ष जिल्लामा रहेका सडक बालबालिकाको तथ्याङ्क र सूचना संकलन गर्ने गराउर्ने, अद्यावधिक गर्ने र सो को एक प्रति मन्त्रालय, विभाग र केन्द्रीय बालकल्याण समितिमा पेश गर्ने ।

(घ) सडक बालबालिकाको पहिचान गर्ने र अन्तरिम संरक्षणको व्यवस्था गर्ने/गराउने ।

(ङ) सडक बालबालिकाको संरक्षण र व्यवस्थापनका लागि जिल्ला तहमा चेतना अभिवृद्धि गर्ने, गराउने ।

(च) सडक बालबालिकाको अधिकार संरक्षणका निमित्त विकासका साझेदार तथा जिल्लास्तरका अन्य निकायहरु बीच समन्वय गर्ने र बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने ।

(छ) सडक बालबालिकाको अधिकार हनन् भएका घटनाहरुका सम्बन्धमा जानकारी प्राप्त गर्ने र कानूनी कारबाहीका लागि आवश्यक सहयोग गर्ने ।

(ज) जिल्ला बालकल्याण समिति र स्थानीय निकायका पदाधिकारी तथा कर्मचारी र सम्बन्धित व्यक्तिलाई सडक बालबालिको उद्धार, संरक्षण तथा व्यवस्थापनका विषयमा तालिम तथा अभिमुखिकरण गर्ने ।

(झ) आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापसम्बन्धी मापदण्ड, २०६९ बमोजिम सडक बालबालिकाको लागि सञ्चालित बालगृह सञ्चालन भए नभएको अनुगमन गरी त्यस्ता बालगृह वा आवधिक बालगृह खोल्न सहयोग गर्ने र खोलिएका भए मापदण्ड पालना गर्न आवश्यक निर्देशन दिने ।

(ञ) कार्यक्रम कार्यान्वयनको आवधिक (चौमासिक र वार्षिक) प्रगति प्रतिवेदन मन्त्रालय, विभाग र केन्द्रीय बालकल्याण समितिमा पेश गर्न लगाउने ।

(ट) जिल्लास्तरको कार्यक्रम सञ्चालन सम्बन्धमा बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी नियमावली, २०५१ मा उल्लेख गरिएका नीतिगत र कानूनी व्यवस्थाहरु लागू गर्न स्थानीयस्तरमा थप स्रोतको व्यवस्था गरी परिचालन गर्ने ।

(ठ) सडक बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, पोषण वा अन्य कुनै विशेष क्षेत्रमा यो कार्यविधि लागू हुनुभन्दा पहिले नै स्थानीयस्तरमा कार्यक्रम सञ्चालन गरिरहेको भए कार्यक्रम सञ्चालन गरिरहेका गैसस तथा विकासका साझेदार संस्थालाई सो कार्यक्रमको मूलप्रवाहीकरण गर्न सम्बन्धित स्थानीय निकाय मार्फत कार्यान्वयन गर्न समन्वय र सहयोग गर्ने ।

**९. स्थानीयस्तरको सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समन्वय समिति**

(क) सडक बालबालिका भएका जिल्लाका सम्बन्धित स्थानीय निकायले सडक बालबालिकाको संरक्षण र व्यवस्थापनको आवश्यकता र प्राथमिकतालाई प्रभावकारी रुपमा सम्बोधन गर्न र कार्यक्रम कार्यान्वयनयका लागि देहाय बमोजिमका प्रतिनिधि रहेको जिल्ला सडक बालबालिका संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

| | |
|---|---|
| १. म.न.पा./उ.म.न.पा./नगरपालिकाको प्रमुख | –संयोजक |
| २. प्रतिनिधि(अधिकृतस्तर), जिल्ला प्रशासन कार्यालय | –सदस्य |
| ३. प्रतिनिधि(अधिकृतस्तर), जिल्ला विकास समिति | –सदस्य |
| ४. प्रतिनिधि, महिला तथा वालवालिका कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत | –सदस्य |
| ५. बालअधिकार अधिकृत | –सदस्य |
| ६. नेपाल प्रहरी प्रतिनिधि एक जना वा महिला तथा बालबालिका सेवा केन्द्र प्रमुख | –सदस्य |
| ७. स्थानीयस्तरमा सडक बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाबाट एक जना महिलासहित दुईजना प्रतिनिधि | –सदस्य |
| ८. प्रतिनिधि, जिल्ला बाल सञ्जाल | –सदस्य |
| ९. सम्बन्धित स्थानीय निकायको बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत | – सदस्य |
| १०. बाल संरक्षण अधिकृत वा बाल संरक्षण निरिक्षक | –सदस्य सचिव |

ख) बाल संरक्षण अधिकृत/बाल संरक्षण निरिक्षकको अनुपस्थितिमा बालअधिकार अधिकृतले सदस्य सचिवको काम गर्ने छ ।

**१०. स्थानीयस्तरको सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिः**

(क) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(ख) समितिको बैठकमा अन्य आवश्यक व्यक्तिलाई आमन्त्रित गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१% सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) सडक बालबालिका/बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाबाट मनोनित हुने प्रतिनिधिलाई

व्यवस्थापन समितिले हरेक तीन वर्षमा मनोनयन गर्नु पर्नेछ ।

(ङ) बैठक सञ्चालनसम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समितिबाट तोकिए बमोजिम हुनेछ ।

**११. स्थानीयस्तरको स्तरीय सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

सडक बालबालिका संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) स्थानीय निकाय सञ्चालन अनुदान कार्यविधिमा बालबालिकाको लागि तोकिएको बजेट रकमलाई आवश्यकताका आधारमा सडक बालबालिकाको संरक्षण र व्यवस्थापनका लागि विनियोजन गर्न सहयोग गर्ने ।

(ख) सम्बन्धित नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका वा वडामा भएका सडक बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र जिल्ला बालकल्याण समितिमा पेश गर्ने ।

(ग) गाउँ/नगर/वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल क्लब, मञ्च, समुह, बालसंरक्षण समिति, निगरानी समूह लगायतका निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरी सडक बालबालिकासम्बन्धी कार्यहरु सञ्चालन गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको अनुगमन तथा निरीक्षण गर्ने ।

(ङ) सडक बालबालिकाको संरक्षण तथा सम्बर्धन र न्यूनिकरणका निमित्त स्थानीयतहमा चेतना अभिबृद्धि गर्न जागरण सिर्जना गर्ने ।

(च) स्थानीय संघसंस्थालाई सडक बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्ने । कार्यक्रमको सञ्चालन गर्नको लागि आवश्यक परामर्श गरी सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई सुझाव तथा निर्देशन दिने ।

(छ) बालअधिकार हनन् भएका घटनाका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् समन्वयकारी भूमिका प्रदान गर्ने ।

(ज) आवश्यकता अनुसार सडक बालबालिकाको आकस्मिक सहयोगको व्यवस्था मिलाउने ।

(झ) सडक बालबालिकाको संरक्षणका विषयमा वकालत गर्ने र जिल्ला बालकल्याण समितिलाई बालसंरक्षण कार्यमा आवश्यक सहयोग गर्ने ।

(ञ) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका वा वडामा सडक बालबालिका सम्बन्धी सञ्चालित कार्यक्रमको जानकारी तथा प्रगति विवरण जिल्ला बालकल्याण समितिमा पेश गर्ने ।

**१२. आर्थिक प्रतिवेदन र लेखापरीक्षणः**

(क) केन्द्रबाट सोझै सञ्चालन हुने कार्यक्रमको हकमा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण गरिनेछ ।

(ख) स्थानीय निकायबाट सञ्चालित कार्यक्रमको हकमा सडक बालबालिका सम्बन्धी कार्यक्रमको लेखा प्रणाली र प्रगति प्रतिवेदनको ढाँचा स्थानीय निकायले प्रयोग गर्दै आए बमोजिम हुनेछ । यस कार्यक्रमको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणस्थानीय निकायको प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

(ग) सम्बन्धित संघसंस्थाले नै सडक बालबालिका सम्बन्धी सञ्चालन गरेको कार्यक्रमको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई सोको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन विवरण जिल्ला बालकल्याण समितिमा पेश गर्नेछ ।

**१३. केन्द्रीयस्तरको अनुगमन तथा मूल्याङ्कनः**

(क) समन्वय समितिका संयोजक तथा सदस्यहरुले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन नियमित तथा आवश्यकतानुसार आकस्मिक रुपमा गर्नेछ ।

(ख) कार्यक्रम सञ्चालनमा समन्वय समितिको सुपरीवेक्षण र अनुगमनको प्रमुख भूमिका हुनेछ ।

(ग) समन्वय समितिले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सूचना, जानकारी तथा सुझाव प्रदान गरी सहजकर्ताको कार्य गर्नेछ ।

**१४. जिल्लास्तरको अनुगमन तथा मूल्याङ्कनः**

(क) जिल्लामा बालबालिकासम्बन्धी सञ्चालित समग्र कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन जिल्ला बालकल्याण समितिले गर्नेछ ।

(ख) जिल्ला बालकल्याण समितिले सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिद्वारा सञ्चालन गरिएका कार्यक्रको समेत अनुगमन तथा मूल्याङ्कन र सुपरीवेक्षण गर्न सक्नेछ ।

**१५. स्थानीयस्तरको अनुगमन तथा मूल्याङ्कनः**

(क) सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिले आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन र मूल्याङ्कन सम्बन्धित स्थानीय निकायले गरी सो को प्रतिवेदन जिल्ला बालकल्याण समितिमा पठाउनु पर्नेछ ।

(ख) सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिका संयोजक र सदस्य–सचिवले आपसी सरसल्लाह गरी अनुगमनको कार्यलाई प्रभावकारी बनाउन आ-आफनो तहबाट कार्य गर्नेछन् ।

(ग) जिल्ला बालकल्याण समितिका पदाधिकारीहरु र बालअधिकार अधिकृतको सहयोग र परामर्शमा सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिले सडक बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनु पर्नेछ ।

**१६. प्रतिवेदन पेश गर्नु पर्नेः**

(क) स्थानीयस्तरको सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिले सो क्षेत्रमा सञ्चालित कार्यक्रमको चौमासिक र वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, सडक बालबालिकसम्बन्धी तथ्याङ्क एवम् सूचना सहित जिल्ला बालकल्याण समितिमा पेश गर्नु पर्नेछ ।

(ख) सडक बालबालिका संरक्षण तथा व्यवस्थापन समितिबाट प्राप्त प्रगति प्रतिवेदनको आधारमा कार्यक्रम लागू गरिएको क्षेत्रको संकलित तथ्याङ्क र सूचनालाई एकीकृत गरी सम्पूर्ण जिल्लाको प्रगति प्रतिवेदन जिल्ला बालकल्याण समितिले केन्द्रीय बालकल्याण समितिमा पेश गर्नेछ । सो को जानकारी विभाग तथा मन्त्रालयलाई दिनु पर्नेछ ।

(ग) केन्द्रीय बालकल्याण समितिले जिल्लाबाट प्राप्त भएको कार्यक्रमको प्रगति प्रतिवेदन संकलन गरी एकमुष्ठ प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नेछ ।

(घ) प्रतिवेदनमा कार्यक्रम कार्यान्वयनमा आएका समस्या, समस्या समाधानका लागि भएका पहल र रचनात्मक सुझाव समेत समावेश गर्नु पर्नेछ ।

(ङ) कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण प्रत्येक महिनामा वा आवश्यकतानुसार गरी/गराई सम्बन्धित अधिकृतले समस्या समाधानका लागि सम्बन्धित निकाय वा समितिको बैठकमा छलफल गराइ बैठकको निर्णयानुसार आवश्यक कदम चाल्नु पर्नेछ ।

**१७. व्याख्या गर्ने अधिकारः**

यस मार्गदर्शनमा भएको कुनै व्यवस्था अस्पष्ट भै व्याख्या गर्नु पर्ने भएमा समन्वय समितिको सिफारिसमा अन्तिम व्याख्या गर्ने अधिकार मन्त्रालयको हुनेछ ।

**१८. बाधा अड्काउ फुकाउनेः**

यो मार्गदर्शनको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।।

**१९. निर्देशन दिन सक्नेः**

सडक बालबालिका संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा यो मार्गदर्शन कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

**२०. सबैको कर्तव्य हुनेः**

सडक बालबालिका संरक्षण तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्नु सम्बन्धित सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संघसंस्था, सञ्चार माध्यम, नागरिक समाज तथा नागरिकको कर्तव्य हुनेछ ।

***